# तातोपानी राजपत्र

तातोपानी गाउँपालिका द्वारा प्रकाशित

खण्डः ९ संख्याः ०६ मितिः २०८२।०५।२९ गते

भाग– २

तातोपानी गाउँपालिका गाउँ कार्यपालिका ले बनाएको तल लेखिए बमोजिमको कार्यविधी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

**हियाखोला हाते होजियारी स्विटर उद्योग सञ्चालन तथा व्यवस्थापन कार्यवीधी - २०८२**

तातोपानी गाउँपालिका वडा नं ६ मा वडा कार्यालयबाट निर्माण भएको हियाखोला हाते होजियारी उद्योग सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनिय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि तातोपानी गाउँपालिकाबाट यो कार्यवीधी प्रकाशन गरिएको छ।

गाउँपालिका अध्यक्ष

"प्राकृतिक स्रोत र सम्पदाको खानी, सुखी र समृद्ध हाम्रो तातोपानी"

तातोपानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लिताकोट, जुम्ला

# हियाखोला हाते होजियारी स्विटर उद्योग सञ्चालन तथा व्यवस्थापन कार्यवीधी - २०८२

तातोपानी गाउँपालिका वडा नं ६ मा वडा कार्यालयबाट निर्माण भएको हियाखोला हाते होजियारी उद्योग सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनिय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि तातोपानी गाउँपालिकाबाट यो कार्यवीधी प्रकाशन गरिएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः-** १.यस कार्यविधीको नाम हियाखोला हाते होजियारी उद्योग सञ्चालन तथा व्यवस्थापन कार्यविधी २०८२ रहेको छ।

२.यो कार्यविधी गाउँ कार्यपालिकाले स्विकृत गरि स्थानीय राजपत्रमा प्रकाशन भए पछि लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

क) " हियाखोला हाते होजियारी उद्योग " भन्नाले यस गाउँपालिकाको वडा नं ६ मा निर्माण भएको हियाखोला हाते होजियारी उद्योग लाई बझ्नुपर्दछ।

ख) " **कार्यविधी** " भन्नाले हियाखोला हाते होजियारी उद्योग सञ्चालन तथा व्यवस्थापन कार्यविधी २०८२ भन्ने बुझ्नु पर्दछ।

ग )" **गाउँपालिका**" भन्नाले तातोपानी गाउँपालिका लाई बुझ्नु पर्दछ।

घ) "**अध्यक्ष** " भन्नाले गाउँपालिका को अध्यक्ष सम्झनुपर्छ ।

ङ )" **उपाध्यक्ष** " भन्नाले गाउँपालिका को उपाध्यक्ष सम्झनुपर्छ ।

च)" **प्रमुख प्रशासकीय अधिकृत** " भन्नाले गाउँपालिका को प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनुपर्छ

छ) " **वडा कार्यालय** " भन्नाले तातोपानी गाउँपालिका वडा नं ६ को वडा कार्यालयलाई सम्झनु पर्छ।

ज ) " **सञ्चालक समिती** " हियाखोला हाते होजियारी स्विटर उद्योगको सञ्चालक समिति लाई सम्झनु पर्छ।

झ) " **अनुगमन समिति** " भन्नाले तातोपानी गाँउपालिकामा रहेको उपाध्यक्ष ज्यूको संयोजकत्वमा रहेको अनुगमन तथा मूल्याङ्कन समितिलाई सम्झनु पर्छ

ञ ) " **निर्देशक समिती** " भन्नाले हियाखोला हाते होजियारी स्विटर उद्योग सञ्चालनका लागी निर्देशन तथा सुझाव उपलब्ध गर्न तोकीएको समितिलाई सम्झनु पर्छ

ट ) " **वडा अध्यक्ष** " भन्नाले वडा नं ६ को वडा अध्यक्ष लाई सम्झनु पर्छ ।

ठ ) " **वडा सचिव** " भन्नाले वडा नं ६ को वडा सचिवलाई सम्झनु पर्छ ।

ड )" **प्राविधिक** " भन्नाले हियाखोला हाते होजियारी स्विटर उद्योग व्यवस्थापनमा सहयोग गर्नलाई तोकीएको उद्धम विकास सहजकर्ता लाई सम्झनु पर्छ ।

ढ ) " **शहकारी संस्था** " भन्नाले हियाखोला हाते होजियारी स्विटर उद्योग सञ्चालन गर्न तोकीएको शहकारी संस्था लाई सम्झनु पर्छ

ण ) " **अनुमति पत्र** " भन्नाले हियाखोला हाते हाजियारी स्विटर उद्योग सञ्चालन गर्नलाई दिईएको अनुमति पत्रलाई सम्झनु पर्छ

## परिच्छेद - २

## उद्धेश्य , लक्षित वर्ग र कार्यक्षेत्र

३ **उद्धेश्य**: यस कार्यविधी बमोजिम यसका उद्धेश्यहरु देहाए बमोजिम रहेका छन ।

१. यो कार्यविधीको मुख्य उद्धेश्य हियाखोला हाते होजियारी उद्योग लाई व्यवस्थित रुपमा सञ्चालनमा ल्याई धैरै भन्दा धैरैलाई रोजगारी दिने ।

२ हियाखोला हाते होजियारी उद्योग लाई व्यवस्थित रुपमा सञ्चालनमा ल्याई गाउँपालिकाको राजश्व बृद्धि गर्ने

३. हियाखोला हाते होजियारी उद्योग लाई नमूना सिकाई केन्द्रका रुपमा विकास गर्ने ।

४ **लक्षित वर्ग**: यस कार्यविधी बमोजिम लक्षित वर्गमा वडा नं ६ भित्रका वासिन्दा हरु पर्नेछन ।

५ **कार्यक्षेत्र**: यस कार्यविधी बमोजिम यसको कार्य क्षेत्र वडा नं ६ रहनेछ ।

गाउँपालिका अध्यक्ष

## परिच्छेद -३

## सञ्चालन तथा व्यवस्थापन

६. हियाखोला हाते होजियारी उद्योग सञ्चालनका लागी निम्न अनुसारका समितीहरु रहनेछन।

१. **निर्देशक समिती**: हियाखोला हाते होजियारी स्विटर उद्योग सञ्चालन तथा व्यवस्थापनमा आवश्यक निर्देशन सुझाव दिनलाई निम्नानुसारको एक निर्देशन समिती रहनेछ।

क) गाउँपालिका अध्यक्ष - संयोजक

ख ) गाउँपालिका उपाध्यक्ष - सदस्य

ग ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ ) आर्थिक विकास समिती संयोजक - सदस्य

ङ ) योजना शाखा प्रमुख - सदस्य

च ) सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

छ ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

ज) उद्धम विकास शाखा प्रमुख .- सदस्य सचिव

२.**निर्देशक समितीको काम कर्तव्य र अधिकार**: निर्देशक समितिको काम कर्तब्य र अधिकार देहाए बमोजिम रहनेछ।

क ) हियाखोला हाते होजियारी उद्योग नियमानुसार सञ्चालन भए नभएको बिषयमा अनुगमन तथा निरिक्षण गरि मापदण्ड तथा नियमानुसार नभएमा आवश्यक निर्देशन दिन सक्नेछ।

ख ) हियाखोला हाते होजियारी उद्योग सञ्चालक समितीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

ग) हियाखोला हाते होजियारी उद्योग सञ्चालक समितीले सञ्चालनका लागी जिम्मा लिएको सहकारी तथा संस्थाले नियमानुसार गरेको नपाईएमा सञ्चालन अनुमती पत्र रद्ध गर्न सक्नेछ।

घ ) हियाखोला हाते होजियारी उद्योग सञ्चालनका लागी आवश्यक पर्ने बजेट व्यवस्थापनका लागी गाउँ कार्यपालिकामा सिफारिस गरि पठाउनेछ।

ङ ) निर्देशक समितीको बैठक आवश्यक्ता अनुसार समय समयमा बस्नेछ।

३. **अनुगमन समिती**: गाउँपालिका स्तरका योजना तथा कार्यक्रम अनुगमनका लागी गठन भएको पालिका स्तरीय अनुगमन समितीले हियाखोला हाते होजियारी उद्योग को सञ्चालन तथा व्यवस्थापनका बिषयमा अनुगमन समितीको रुपमा काम गर्नेछ।

४. **सञ्चालक समिती**: हियाखोला हाते होजियारी उद्योग सञ्चालन तथा व्यवस्थापनका लागी निम्नानुसारको एक सञ्चालक समिती रहनेछ।

क) सम्बन्धित वडा अध्यक्ष - संयोजक

ख ) सम्बन्धित वडाका सम्पुर्ण वडा सदस्यहरु - सदस्य

ग ) उद्धम विकास शाखाको प्रतिनिधी -सदस्य

घ ) सम्बन्धित वडाको वडा सचिव -सदस्य सचिव

५. **सञ्चालक समितीको काम, कर्तव्य र अधिकार**: सञ्चालक समितीको काम कर्तव्य र अधिकार देहाए बमोजिम रहनेछ।

क) वडामा निर्माण भएको हियाखोला हांते होजियारी उद्योग सञ्चालन तथा व्यवस्थापनका लागी आवश्यक पहल गर्नेछ।

ख ) हियाखोला हाते होजियारी उद्योग को आय व्यय हिसाव किताब राख्नु पर्नेछ।

ग ) हियाखोला हाते होजियारी उद्योग निर्माण भएका भौतिक संरचनाको संरक्षण तथा मर्मत संभार गर्नु पर्नेछ।

घ ) हियाखोला हाते होजियारी उद्योग सञ्चालन तथा व्यवस्थापनका लागी आवश्यक पर्ने बजेट व्यपवस्थापनका लागी पहल गर्नु पर्नेछ।

ङ ) हियाखोला हाते होजियारी उद्योग सञ्चालन तथा व्यवस्थापनमा भएको प्रगती विवरण मासिक रुपमा गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

च ) हियाखोला हाते होजियारी उद्योग सञ्चालन तथा व्यवस्थापनका लागी आवश्यक पर्ने जनशक्ती व्यपवस्थापनका लागी पहल गर्नु पर्नेछ।

गाउँपालिका अध्यक्ष

छ ) हियाखोला हाते होजियारी उद्योग सञ्चालन तथा व्यवस्थापनका लागी आवश्यक पर्ने जग्गा व्यवस्था[illegible] लागी पहल गर्नु पर्नेछ ।

ज ) निर्देशक समिती तथा अनुगमन समितीले माग गरेको विवरण उपलब्ध गराउनु पर्नेछ ।

झ ) सञ्चालक समितीले हियाखोला हाते होजियारी उद्योग सञ्चालन तथा व्यवस्थापनका लागी आवश्यक जनशक्ती व्यवस्थापन गरि सोझै सञ्चालन पनि गर्न सक्नेछ र सञ्चालक समितिको निर्णयमा कुनै सहकारी संघ सस्थालाई सञ्चालनका लागी अनुमति समेत दिन सक्नेछ ।

ञ ) सञ्चालक समितीको बैठक प्रत्येक महिना अनिवार्य रुपमा एक पटक र आवश्यक्ता अनुसार बस्नेछ

## परिच्छेद -४
## राजश्व असुली तथा परिचालन

६. <u>राजश्व असुली</u>: हियाखोला हाते होजियारी उद्योग फर्मको उत्पादनबाट प्राप्त रकमलाई देहाए बमोजिम गरिनेछ ।

१. हियाखोला हाते होजियारी उद्योग को उत्पादनबाट प्राप्त रकमलाई सम्बन्धित वडा मार्फत गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्नु पर्नेछ ।

२. सञ्चालक समितीको निर्णय बमोजिम सहकारी संघ सस्थालाई जिम्मा दिई उक्त सहकारी संस्थाबाट प्राप्त सम्झौता बमोजिमको रकम गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्नु पर्नेछ ।

७. <u>राजश्व परिचालन</u>: हियाखोला हाते होजियारी उद्योगबाट प्राप्त राजश्व रकमलाई देहाएका शिर्षकमा खर्च तथा परिचालन गरिनेछ ।

१. हियाखोला हाते होजियारी उद्योग बाट प्राप्त राजश्व रकमलाई सञ्चालन तथा व्यवस्थापनमा खटिने जनशक्तीलाई पारिश्रमिक भुक्तानी गरिनेछ ।

२. हियाखोला हाते होजियारी उद्योग बाट प्राप्त राजश्व रकमलाई सञ्चालन तथा व्यवस्थापनमा खर्च गरिनेछ ।

३. हियाखोला हाते होजियारी उद्योग बाट प्राप्त राजश्व रकमलाई सञ्चालन तथा व्यवस्थापन शिर्षकमा विनियोजन गरि सञ्चालक समितीको निर्णय बमोजिम खर्च गरिनेछ ।

गाउँपालिका अध्यक्ष

## परिच्छेद - ५

## जनशक्ती परिचालन ,कामदारको स्वास्थ्य तथा उद्योग व्यवस्थापन

८ . **जनशक्ती परिचालन:** १ हियाखोला हाते होजियारी उद्योग को प्रत्यक्ष रेखदेख गर्नलाई उद्धम विकास शाखाका उद्धम विकास सहजकर्ता लाई खटाईनेछ ।खटिएको सहजकर्ताले उद्योगको मेशिनरी औजार को रेखदेख ,कच्चा पदार्थ को आपूर्ती र उत्पादन बृद्धीमा बिषेश पहल गर्नु पर्नेछ।

२. हियाखोला हाते होजियारी उद्योगमा खटिने जनशक्ती विभिन्न खालका तालिमको व्यवस्थापन उद्धम विकास शाखा गर्नु पर्नेछ ।

९ . **कामदार स्वास्थ्य:** कामदारहरुको नियमित स्वास्थ्य परिक्षणका लागी एक जना स्वास्थ्य कर्मीलाई खटाईनेछ

१०. **उद्योग व्यवस्थापन**: उद्योग व्यवस्थापनका लागी देहाए अनुसार गरिनेछ ।

१. उद्योगका मेशिन औजार, कच्चा पदार्थ, कामदारको बसाई व्यवस्थापनमा सुधार गरिनेछ ।

२. उद्योगको सर सफाई , किट नियन्त्रण र खटिने जनशक्तीको स्वास्थ्यमा ध्यान दिई सोही अनुसारका कार्यक्रम लागु गरिनेछ ।

३. उद्योगको नाफा नोक्सान तथा उत्पादन अभिलेखका लागी खर्च खाता र बिक्री खाता अनिवार्य रुपमा राख्न लगाई सोही अनुसारको फर्मको हिसाव किताब राख्न लगाईनेछ ।

## परिच्छेद - ६

## अनुगमन तथा निरीक्षण

११.अनुगमन तथा निरीक्षणः उद्योगको अनुगमन तथा निरीक्षण गाउँपालिका स्तरीय अनुगमन समितीले आवश्यक्ताका आधारमा गर्न सक्नेछ र त्यसको अलावा उद्धम विकास सहजकर्ताले त्रैमासिकरुपमा उद्योगको अनुगमन तथा निरीक्षण गरि देहाए अनुसारका बिषयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

१. उद्योगको सरसफाई र उद्योग सञ्चालनमा नियमपालनाका बिषयमा निर्देशन उपलब्ध गराउन सक्नेछ ।

२. निरीक्षणका क्रममा सुधार गर्नु पर्ने कुरा देखिएमा निर्देशन दिन सक्नेछ ।

३. निरीक्षण प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

गाउँपालिका अध्यक्ष

## परिच्छेद - ७

## उल्लंघन तथा कारबाही

१२. <u>उल्लंघन तथा कारबाही</u>: उद्योग नियमानुसार सञ्चालन नभई नियमको उल्लंघन गरिएको देहाए अनुसारको कारबाही गरिनेछ।

१. पटक पटक अनुगमन तथा निरीक्षणको क्रममा दिईएको सुझावलाई कार्यान्वयन नगरेको पाईएका चेतावनी पत्र दिईनेछ।

२. कामदारको स्वास्थ्य आम नागरिकको स्वास्थ्य मा लापरवाही गरेको देखिएमा सञ्चालन अनुमति पत्र रद्ध गरिनुका साथै प्रचलित कानून बमोजिमको सजाय गरिनेछ।

## परिच्छेद ८

## वातावरणीय मापदण्ड तथा सरसफाई

१३. <u>वातावरणीय मापदण्ड तथा सरसफाई</u>: हियाखोला हाते होजियारी उद्योग सञ्चालन गर्दा वातावरणीय मापदण्ड र सर सफाईका लागी देहाए बमोजिम गर्नु पर्नेछ।

१.उद्योगको फोहोर मैला व्यवस्थापन गर्ने

२. उद्योगको ध्वनी प्रदुषण नियन्त्रण गर्ने

३.उद्योगमा रहेको पानीको श्रोत संरक्षण तथा व्यवस्थापन गर्ने

४.वातावरणीय अनुकुलनका कार्यक्रम स्थानीय तहले लागु गर्ने

५.वातावरणीय मापदण्ड र सरसफाईको पुर्ण पालना भए नभएको बिषयमा स्थानीय तहले समय समयमा अनुगमन तथा निरिक्षण गरि आवश्यक निर्देशन दिन सक्नेछ।

## परिच्छेद - ९

## विवाद समाधान

१४. <u>विवाद समाधान</u>: हियाखोला हाते होजियारी उद्योग सञ्चालन तथा व्यवस्थापनका लागी कुनै किसिमको विवाद उत्पन्न हुन गएमा आपसी समझ दारीमा विवाद समाधान गर्नलाई पहल गरिनेछ। आपसी समझदारीमा विवाद समाधान हुन नसकिने देखिएमा स्थानीय न्यायीक समितिले विवाद समाधान गरि दिनेछ।

गाउँपालिका अध्यक्ष

## परिच्छेद - १०
## विविध

१५. **हियाखोला हाते होजियारी उद्योग स्थायी रुपमा सञ्चालन तथा जग्गा व्यवस्थापनः** उद्योगको भौतिक संरचना निर्माण भएको जग्गा सार्वजनिक जग्गा भएको र भविश्यमा उद्योग विस्तार गर्नु पर्ने अवस्था भै कुनै जग्गा धनीले निशुल्क रुपमा जग्गा दिन मन्जुर गरेमा उद्योग वा वडा कार्यालयको नाममा आवश्यक्ता अनुसारको जग्गा उपलब्ध गराउन चाहेमा सो जग्गा लिन सकिनेछ ।

१६.**शहकारी संस्था मार्फत सञ्चालनः** हियाखोला हाते होजियारी उद्योगको सञ्चालक समितिले शहकारी मार्फत सञ्चालन गर्नलाई निर्णय गरेमा वडा भित्रका सम्पुर्ण बस्तिहरुको प्रतिनिधीत्व हुने गरि नयाँ शहकारी संस्था दर्ता गरि सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी दिन सकिनेछ ।

१७.**कार्यविधी संशोधन तथा परिमार्जनः** गाउँपालिकाको आवश्यक्ता र सञ्चालनमा देखिएका समस्या समाधानका लागी गाँउ कार्यपालिका बैठकबाट यो कार्यविधीका विषयवस्तु तथा अनुसुची हरुमा परिमार्जन तथा संशोधन गरिनेछ ।

१८. **बाधा अडकाउ फुकाउः** हियाखोला हाते होजियारी उद्योग सञ्चालनमा देखिएका बाधा अडचन लाई यस कार्यविधीमा लेखिएकोमा यसै कार्यविधी बमोजिम र यस नलेखिएका बिषयमा बिधमान ऐन कानूनको परिधीमा रहि बाधा अड्काउ फुकाउ गरिनेछ ।

**गाँउ कार्यपालिका बाट स्विकृत मितिः२०८२।०५।२४ गते**

गाउँपालिका अध्यक्ष

आज्ञाले
तीर्थ बहादुर कठायत
प्रमुख प्रशासकीय अधिकृत